☎०७८-५४०१७०, ५४१११६
Email:info@kawasotimun.gov.np
Website: kawasotimun.gov.np

# कावासोती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

प.सं.
च.नं.

## करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति:- २०८०-११-२२ गते ने.सं.: ११४४ सिल्लागा, १० मंगलबार)

यस नगरपालिका अन्तर्गत विभिन्न शाखाहरुमा २०८१ आषाढ मसान्तसम्मको लागि तपसिल अनुसारका कर्मचारी करारमा पदपुर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र रितपूर्वकको दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल :**

| क्र.सं | विज्ञापन नं | सेवा/समुह | पद | तह | आवश्यक संख्या | आवश्यक न्युनतम योग्यता |
|---|---|---|---|---|---|---|
| १ | ५/२०८०/०८१ | प्राविधिक | प्राविधिक सहायक | सहायक पाँचौ | १ (एक) | - मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङमा प्रविणता पत्र तह वा ओभरसियर वा डिप्लोमा तह वा सो सरह उत्तीर्ण गरेको।<br>- पुर्वाधार निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार तथा विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गर्नुका साथै पारस्परिक सम्बन्ध सम्बन्धी कम्तीमा ६ महिनाको अनुभव र कम्तीमा ३ महिने कम्प्युटर तालिम लिएको। |
| २ | ६/२०८०/०८१ | विविध | सहायक कम्प्युटर अपरेटर | सहायक चौथो | १ (एक) | - मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./एस.ई.ई. वा सो सरह उत्तीर्ण गरेको।<br>- कम्तीमा ३ महिने कम्प्युटर तालिम लिएको। |
| ३ | ७/२०८०/०८१ | प्राविधिक | फायर फाइटर | श्रेणी विहिन | १ (एक) | - साधारण लेखपढ गर्न सक्ने।<br>- फायर फाइटर सम्बन्धी तालिम लिएको। |
| ४ | ८/२०८०/०८१ | प्रशासन | कार्यालय सहयोग | श्रेणी विहिन | २ (दुई) | - साधारण लेखपढ गर्न सक्ने। |

१. दरखास्त दिने अन्तिम मिति:- २०८०/१२/०६ गते कार्यालय समयभित्र।

२. उमेरको हद : दरखास्त दिने अन्तिम मितिमा प्राविधिक सहायक र फायर फाइटरको हकमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको तथा अन्यको हकमा १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको (महिलाको हकमा १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको)

३. आवेदन दस्तुर:- रु.५००/- साथै कुनै पनि पदमा दरखास्त दिन प्रचलित कानून बमोजिम अयोग्य नभएको हुनु पर्ने।

४. छनौटको किसिम:- प्रारम्भिक योग्यताक्रमको सुची प्रकाशन, लिखित र अन्तर्वार्ता।

५. आवेदनका साथ संलग्न कागजातहरु:- शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपी, नागरिकता प्रमाण-पत्रको प्रतिलिपी, सम्बन्धित तालिमको प्रमाण-पत्रको प्रतिलिपी, अनुभव खुल्ने कागजात र २ प्रति पासपोर्ट साईजको फोटो।

६. न्युनतम पारिश्रमिक : प्रचलित तलब स्केल अनुसार।

**नोट/अन्य जानकारी:** दरखास्त फाराम नगरपालिकाको website **www.kawasotimun.gov.np** मा उपलब्ध छ। अन्य जानकारीको लागि कावासोती नगरपालिकाको कार्यालयमा सम्पर्क गर्नुहोला।

..............................
(लिलाराज पौडेल)